रोजगारीमा तपाईलाई
स्वागत छ ।



# तपाईलाई बधाइ एवं अष्ट्रेलियाको श्रम बजारमा स्वागत छ ।

अन्तर्राष्ट्रिय विधार्थीको हैसियतले आफ्नो पढाइलाई निरन्तरता दिन तथा आफूलाई सहयोग गर्न तपाईले काम गर्न पाउनु हुनेछ, तर तपाईले कार्यस्थलमा तपाईका अधिकारबारे जान्नु अत्यन्त महत्वपूर्ण हुन्छ ।



## भरत खन्ना

अन्तर्राष्ट्रिय विधार्थी

यदि तपाईलाई आफ्नो अधिकारका सम्बन्धमा जानकारी छैन भने तपाई म जस्तै न्यून ज्याला र लामो कार्यघण्टा भएको निम्न स्तरको कार्यवस्थामा काम गर्न पुग्नुहुनेछ ।

अरू विधार्थीले मैले जस्तो अवस्थाबाट गुज्रुन भन्ने म चाहन्न ।

श्रममा तपाईको अधिकारका सम्बन्धमा निरन्तर सूचनाको निम्ति कृपया तलको वेब ठेगानामा जानुहोला :

**welcometowork.com.au**

sda
at work with you

united voice

# अष्ट्रेलियामा काम गर्नुपूर्व तपाईले जान्नै पर्ने
# दश जानकारी

१) यदि तपाई विधार्थी भिसामा अष्ट्रेलियामा हुनुहुन्छ र तपाईको शैक्षिक शत्र चलिरहेको छ भने तपाईले १५ दिनमा चालीस घण्टा (४० घण्टा) मात्र कामगर्न पाउनुहुन्छ । यद्यपी बिदाको समयमा तपाईले जति घण्टा पनि काम गर्न सक्नुहुन्छ ।

२) काममा नियुक्त हुँदा तपाईले पे स्लिप (Pay Slip) प्राप्त गर्नु हुनेछ, जसमा तपाईको कार्यघण्टा, तपाईले पाउने ज्याला तथा सरकारलाई बुझाउनु पर्ने करकट्टी आदि उल्लेख गरिएको हुन्छ । यदि तपाईले नगद ज्याला पाउनुहुन्छ भने पनि त्यसमा यो लागू हुनेछ ।

३) तपाई न्यूनतम ज्याला प्राप्त गर्न योग्य हुनुहुन्छ ।

४) तपाईले रातिको समयमा, बिदाको दिनमा वा सार्वजनिक बिदाको समयमा काम गर्नुभयो भने तपाईले अतिरिक्त ज्याला पाउनुहुन्छ ।

५) तपाईले कामगर्न पाउनुपूर्व कर दर्ता नम्बर (Tax File Number) प्राप्त गर्नुपर्छ ।

६) तपाईको रोजगारदाताले तपाईलाई व्यक्तिगत करारनामा गराउन पाउने छैनन् ।

७) तपाईको पढाई समाप्त नहुन्जेल तपाईले पूर्णकालीन काम गर्न पाउनुहुन्न ।

८) तपाईको रोजगारदाताले कामको दौरानमा सामान टुटे फुटेमा वा cash register short भएमा तपाईको ज्यालाबाट त्यसको सोधभर्ना वा तलब कटौति गर्न पाउँदैनन्, तपाईले पाउने ज्याला रोजगारदाताले सामान वा जिन्सीमा भुक्तान गर्न पाउँदैनन् ।

९) यदि तपाईले प्रति महिना अष्ट्रेलियन डलर ४५० आम्दानी गर्नुहुन्छ भने तपाईको रोजगारदाताले तपाईलाई सेवानिवृत्त सुविधा (Super annuation) को व्यवस्था गर्नुपर्दछ ।

१०) तपाई आफूले चाहेको ट्रेड युनियनको सदस्य बन्न पाउनुहुन्छ ।

श्रममा तपाईको अधिकारका सम्बन्धमा अन्य जानकारीको निम्ति कृपया तलको वेब ठेगानामा जानुहोला

**welcometowork.com.au**

sda
at work with you

united voice